# सताउनु

## हामी सबै यसलाई रोक्न सहयोग गर्न सक्छौं



### प्रारम्भिक र माध्यमिक

विद्यालयका विद्यार्थीहरुका अभिभावकहरुका लागि निर्देशिका

वसन्त २०१३

Ontario

## विद्यार्थीलाई सताउनुको प्रभावहरु विद्यालय परिसरभन्दा पनि बाहिर जान्छ । अभिभावकका रुपमा*, यहाँ तपाईंले के हेर्ने, तपाईंले के गर्न सक्नुहुन्छ, र सहयोग पाउनका लागि तपाईं कहाँ जान सक्नुहुन्छ भन्ने पाउन सक्नुहुनेछ ।

*यस निर्देशिकामा, "अभिभावक" शब्दले आमाबाबु र अभिभावकहरुलाई बुझाउनेछ ।

## सताउनु भनेको के हो ?

समयसँगै बारम्बार भईरहने आक्रामक व्यवहार नै सताउनु हो । विद्यालयमा अर्को व्यक्तिलाई क्षति पुर्‍याउनु, डर वा दुःख दिनु वा नकारात्मक वातावरणको सृजना गर्नु नै यसको ध्येय हो । वास्तविक शक्ति वा महशुस गरिएको शक्तिको असन्तुलनले नै सताउने व्यवहारको जन्म हुन्छ ।

यसको पूर्ण परिभाषा शिक्षा विधेयकमा पाउन सकिन्छ, http://www.e-laws.gov.on.ca



# सताउने प्रकारहरु

## मेरा बालबालिकाहरुलाई शारिरीक रुपमा क्षति पुर्‍याईएको छैन भने के ती सताईएका हुन्छन् ?

जुनसुकै तरिकाबाट पनि सताईन सक्छन् । यसका जस्तोसुकै प्रकारहरु हुन सक्छन्ः

- **शारिरीक** - हिर्काउनु, खोतल्नु, सम्पत्तीको क्षति वा चोरी
- **मौखिक** - नाम राख्नु, जिस्काउनु, वा यौन, जात, वा समलैङ्गिक आधारमा प्रतिक्रिया दिनु
- **सामाजिक** - कुनै समूहबाट एकलाई बाहिर्‍याउनु वा उनीहरुका बारेमा हल्ला वा अफवाह फिँजाउनु
- **लिखित** - अपमानजनक वा दु:खदायी लेख वा चिन्हहरु बनाउनु
- विद्युतीय (सामान्य रुपमा साईबर माध्यमबाट सताउनु) - ईमेल, मोबाईल फोन (उदाहरणका लागि एसएमएस), र सामाजिक संजालहरुमा अफवाह वा दुखदायी कुराहरु फिँजाउनु

## विद्युतीय माध्यमद्वारा सताउनु वा साईबर माध्यमबाट सताउनु भनेको के हो ?

यो यस्तो विद्युतीय संचार हो जसलाईः

- अर्को व्यक्तिलाई निराश बनाउन, धम्काउन वा लज्जित बनाउन प्रयोग गरिन्छ ।
- कसैको प्रतिष्ठा र मित्रतामा हानी पुर्‍याउन वा धम्काउन, सताउन, लज्जित बनाउन, सामाजिक रुपमा एक्लाउन ईमेल, मोबाईल फोनहरु, एसएमएस र सामाजिक संजालहरुको प्रयोग गरिन्छ ।
- कोही विरुद्ध अफवाह फेलाउन, नीजि जानकारीहरु सार्वजनिक गर्न, फोटोहरु वा भिडियोहरु वा कसैलाई हानी गर्न धम्काउन प्रयोग गरिन्छ वा कसैलाई तल पारिन्छ, बेइज्जत गरिन्छ ।
- जहिले पनि आक्रामक र दुखपूर्ण हुन्छ ।

ओन्टारियो विद्यालयहरुमा, विद्यालयको वातावरणमा प्रभाव पार्ने भएमा प्रधानाध्यापकले साईबर माध्यमबाट सताउने व्यवहारलाई सम्बोधन गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, यदि कुनै विद्यार्थीलाई सताईंदै छ र उसका बारेमा विद्यालयका अन्य विद्यार्थीलाई पठाईएको कुनै ईमेल सन्देशका कारण बेइज्जत भएको छ भने, ऊ विद्यालय आउन चाहदैंन ।

जुनसुकै प्रकृतिमा आए पनि, सताउने व्यवहार स्विकार्य हुने छैन ।

मानिसहरुबीच शक्तिको असन्तुलन भएको खण्डमा सताउने व्यवहारको सृजना हुन्छ । "असन्तुलन" भन्नाले एक विद्यार्थी अर्कोभन्दा उमेरले जेठो, अर्कै जातको वा अर्कोभन्दा धेरै साथी भएको स्थितीलाई बुझाउँछ ।

## के द्वन्द्व र सताउनु एउटै हो ?

मानिसहरुलाई कहिलेकाँही द्वन्द्व र सताउनु एउटै जस्तो लागे पनि, यी फरक हुन् ।

दुई वा दुईभन्दा धेरै व्यक्तीबीच असहमति, फरक विचार वा मत भएमा द्वन्द्व उत्पन्न हुन्छ । विद्यार्थीहरुबीचको द्वन्द्वको अर्थ जहिले पनि सताउनु हुँदैन । बालबालिकाहरुले कलिलै उमेरमा अन्य व्यक्तिहरुले उनीहरुभन्दा फरक विचारधारणा राख्न सक्छन् भन्ने स्वयले बुझिसकेका हुन्छन्, तर विचारधारणा राख्ने क्षमताको विकास गर्न समय लाग्छ र यो प्रक्रिया प्रारम्भिक वयस्ककालसम्म चलिरहन्छ । (स्टेपिङ स्टोन्स्ः युवा विकासका लागि एउटा श्रोत, २६ पाना) ।

द्वन्द्वमा, हरेक व्यक्तिलाई आफ्नो विचार राख्न सहज लाग्छ, र त्यहाँ शक्तिको असन्तुलन हुँदैन । प्रत्येक व्यक्तिलाई आफ्नो दृष्टिकोण राख्न सकिन्छ भन्ने अनुभुति हुन्छ । मानिसहरुले द्वन्द्वसँग कसरी व्यवहार गर्छन् भन्ने कुराले द्वन्द्वलाई सकारात्मक वा नकारात्मक बनाउँछ ।

जब कुनै व्यक्ति दुखदिने कुरा भनेर वा गरेर आक्रामक रुपमा व्यवहार गर्दछ भने द्वन्द्व नकारात्मक हुन जान्छ । त्यसपछि द्वन्द्व आक्रामक अन्तरक्रियामा परिणत हुन जान्छ । द्वन्द्व त्यतिबेलामात्रै सताउने व्यवहारमा परिणत हुन्छ जब यो बारम्बार दोहोरिन्छ र शक्तिको असन्तुलन हुन जान्छ । समयसँगै, व्यवहारको एउटा आकृति बन्न पुग्छ जहाँ द्वन्द्वमा आक्रामक रुपमा व्यवहार गर्ने व्यक्तिले सो व्यवहारलाई निरन्तरता दिन्छ वा त्यसलाई अझ खराब स्थितीमा पुर्याउँदछ । आक्रामक व्यवहार पाउने व्यक्ति आफुलाई आफ्नो दृष्टिकोण व्यक्त गर्न अझ कमजोर महशुस गर्न थाल्छ र आफूलाई अझ कमजोर महशुस गर्न थाल्छ । यसरी नकारात्मक द्वन्द्व सताउने व्यवहारमा परिणत हुन्छ ।

एउटा विद्यालयले सताउनु र द्वन्द्वलाई फरक तरिकाले प्रतिक्रिया जनाउँदछ । उदाहरणका लागि, एउटा विद्यालयका कर्मचारी सदस्यले विद्यार्थीहरुलाई एकै ठाउँमा ल्याएर आफ्नो कुरा राख्न लगाउन सक्छन् र परिस्थीतीलाई मिलेर सुल्झाउन सहयोग गर्न सक्छन् ।

हरेक सताउने व्यवहारहरुको मुद्दामा, एउटा प्रधानाध्यापकले प्रगतिशील अनुशासनको सहारा लिन सक्छन्, जसमा निष्कासन वा निलम्बन पनि हुन सक्छ ।

## सताउने व्यवहार कति गम्भिर हो ?

सताउने व्यवहार कहिले पनि स्विकार्य हुँदैन । यसलाई "हुर्किने समयको एक भाग" को रुपमा लिईनु हुँदैन । अनुसन्धान र अनुभवले सताउने व्यवहारलाई गम्भिर विषय रहेको देखाउँछ, संलग्न विद्यार्थी, उनीहरुका परिवार र साथीहरु, र उनीहरुको वरिपरिको समुदायका लागि दीर्घकालीन असरहरु हुन सक्छ ।

पीडित बालबालिकाहरु, अन्य बालबालिकालाई सताउँछन्, वा दुवैमा, भावनात्मक, व्यवहारिक, र सम्बन्धहरुमा समस्या देखा पर्न सक्छन् र विद्यालयमा मात्र नभएर उनीहरुको जीवनकालभरिनै स्वस्थ सम्बन्धहरु विकास गर्न वयस्कहरुको सहयोगआवश्यक पर्न जान्छ ।

२०११ को दुर्व्यसन र मानसकि स्वास्थ्य (सीएएमएच) को एक अध्ययनले, ओन्टारियोका विद्यार्थीहरुमा करिब एक तिहाई (१९ प्रतिशत) ले विद्यालयमा सताउने व्यवहारको शिकार भएको बताएका छन् ।

पीडित विद्यार्थीहरुले प्रायः सामाजिक कुण्ठा, एक्लोपन, पराजय, शारिरीक बिमारी र कमजोर आत्मसम्मानको अनुभव गर्छन् । उनीहरुमा भयको पनि विकास हुन सक्छ, आक्रामक व्यवहारको विकास हुन सक्छ वा निराश हुन सक्छन् । सताईएका कारण केही विद्यार्थीहरु विद्यालयबाट भाग्छन्, आफ्नो अंकहरु घटेको देख्छन्, वा विद्यालय नै छाड्छन् ।

अरुलाई दुख दिनका लागि शक्ति र आक्रामक व्यवहारको प्रयोग गर्ने बालबालिका र किशोरहरु सही र गलत के हो भनेर वास्ता गर्न छाड्छन् । फलस्वरुप, उनीहरु उत्पीडन गर्ने वयस्कमा परिणत हुन्छन् । त्यसैले, चाँडोभन्दा चाँडो उनीहरुलाई सताउनबाट रोक्न महत्वपूर्ण छ ।

## के महिला र पुरुषहरु एकै किसिमबाट सताउँछन् ?

महिला र पुरुष दुवै सताउने व्यवहारमा सहभागी हुन सक्छन् । पुरुषहरु बढीजसो शारिरीक रुपमा सताउने गर्छन्, जबकि महिलाहरु, सहपाठीबारे अनावश्यक कुरा गर्ने वा समूहबाट वा क्रियाकलापबाट बाहिर्याएर एक्लो बनाउने अप्रत्यक्ष पद्धतीहरुको प्रयोग गर्छन् । यद्यपि, उमेरसँगै, महिला र पुरुष दुवै मौखिक वा सामाजिक रुपमा सताउने व्यवहारतिर उन्मुख हुन सक्छन् ।

## मेरा बालबच्चा वा किशोरकिशोरीहरु सताउने व्यवहारका शिकार भईरहेका छन् भनेर कसरी थाहा पाउने ?

कलिला बालबालिकाका रुपमा “सताउने” भनेको के हो थाहा नपाउन सक्छन्, तर कसैले उनीहरुलाई दुख दिएको, मतलबी भएको, वा उनीहरुलाई दुखी बनाएको वा डर देखाएको बुझ्न सक्छन् । उनीहरुले तपाईंलाई नभन्न सक्छन् किनभने उनीहरुले तपाईंलाई “भनेर”, “चुकली लाएर” वा “गद्दारी गरेर” अझ धेरै दुख पाउन सक्छन् भनेर चिन्तित हुन सक्छन् ।

**चुकली लगाउनु र बताउनु**

| चुकली लगाउनु | बताउनु |
|---|---|
| कसैलाई समस्यामा पार्न कुरा लगाउनुलाई चुकली लागाउनु भनिन्छ । | तपाईं वा तपाईंले चिनेको कसैलाई दुख परेको बेला सहयोग जुटाउनु, वा तपाईं वा उनीहरुको सुरक्षित रहने अधिकार छ, खोसिदै छ भने सहयोग खोज्नुलाई बताउनु भनिन्छ । |

(ओन्टारियो शिक्षक महासंघ (ओटीएफ) र ला सेन्टर ओन्टारियन डे प्रिभेन्सन डेस अग्रेसन्स् (सीओपीए), सुरक्षित विद्यालयहरु निर्माण गर्दै, जनवरी २०१२, पाना ५६)

तपाईंका किशोरकिशोरीले तपाईंलाई समस्या भए पनि भन्दैनन् र "सताउनु" भन्दा "दुर्व्यवहार" गरेको बताउने छन् । किशोरकिशोरीहरु प्रायःजसो समस्याहरुलाई आफैं सुल्झाउन रुचाउँछन् । तपाईंहरु दुखी हुनुहुनेछ भन्ने सोच्न सक्छन्, तपाईंले उनीहरुको मोबाईल फोनजस्ता प्रविधीहरु खोस्नुहुनेछ भन्ने सोच्न सक्छन्, वा उनीहरुको मामिलामा अभिभावकहरुको संलग्नताले उनीहरुलाई लज्जित बनाउनेछ भन्ने सोच्ने छन् ।

उनीहरुले कुराकानी नगरे पनि, तपाईंको बालबालिका सताईएको बारे विभिन्न संकेतहरु देख्न सक्नु हुनेछ । त्यसका केही संकेतहरु यहाँ उल्लेख गरिएका छन्ः

- सताईएका बालबालिकाहरु विद्यालय जान मन गर्दैनन् वा विद्यालय जाने दिनहरुमा रुने वा बिरामी हुन सक्छन् ।
- अतिरिक्त क्रियाकलाप वा सामाजिक कार्यक्रमहरुमा उनीहरु सहभागी हुन चाँहदैनन् ।
- सामान्यता गर्ने व्यवहारभन्दा फरक हुने छन् ।
- उनीहरुले अकस्मात पैसा वा व्यक्तिगत सामानहरु हराउन थाल्नेछन्, वा च्यातिएका लुगा वा भाँचिएका सामानहरुसँग घर आउन सक्नेछन्, र बेतुकका सफाई दिन थाल्नेछन् ।
- सताईएका र/वा दुर्व्यवहारमा परेका किशोरकिशोरीहरु विद्यालय छाड्ने कुरा गर्न थाल्नेछन् र अरु विद्यार्थीहरु भएका क्रियाकलापहरुबाट अलग्गिन थाल्ने छन् ।

## मेरा बालबालिकाहरुलाई सताईँदैछ । म के गरुँ ?

- तपाईंको बालबालिकाको कुरा सुन्नुहोस् र सुरक्षित हुनु उनीहरुको अधिकार भन्ने विश्वास दिलाउनुहोस् ।
- तथ्यहरुमाथि स्पष्ट हुनुहोस् । के भएको हो र कहिले भएको हो भन्ने टिपोट गर्नुहोस् ।
- तपाईंको बालबालिकालाई "गद्दारी", "चुकली" वा "बताउनु" र सूचित गराउनुमा भएको फरक बुझ्न सहयोग गर्नुहोस् । सूचित गर्नु साहस चाहिन्छ । सूचित गर्नु भनेको अर्को विद्यार्थीलाई समस्यामा पार्नु नभई, सम्पूर्ण विद्यार्थीलाई सुरक्षित राख्नु हो ।
- तपाईंको बालबालिका/किशोरकिशोरीको शिक्षक, तपाईंको बालबालिका/किशोरकिशोरीले विश्वास गर्ने अर्को शिक्षक वा प्रधानाध्यापक वा उपप्रधानाध्यापकसँग कुराकानी गर्न समय लिनुहोस् ।
- अप्ठ्यारो भए पनि, शान्त रहेर तपाईंको बालबालिकालाई सहयोग गर्न र उनीहरुसँगै भविष्यको योजना बनाउन सहयोग गर्नुहोस् ।
- दिशा नमोड्नुहोस् । तपाईंको बालबालिकाको व्यवहारमाथि ध्यान दिनुहोस् । विद्यालयका कर्मचारीसँग तपाईंको कुराकानीले सताउने व्यवहारमा अझै कमी नआए, फर्केर जानुहोस् र प्रधानाध्यापकसँग कुराकानी गर्नुहोस् । बैठकमा भएका सहमतीहरु भए नभएको सोधपूछ गर्नुहोस् ।
- विद्यालयपछिका क्रियाकलापहरुमा वा खेलकूदका कार्यक्रमहरुमा सताउने व्यवहार भए नभएको बारे प्रशिक्षक वा कोचसँग कुराकानी गर्नुहोस् ।
- यौन दुर्व्यवहार वा हतियारको प्रयोग भए, तपाईंको बालबालिकालई विद्यालयमाभन्दा समुदायमा खतरा छ भने वा आपराधिक व्यवहारमा संलग्नता भए प्रहरीलाई सम्पर्क गर्नुहोस् ।

> अर्को व्यक्तिले अनुभव गरिरहेको भावनाहरुको पहिचान गर्ने र भावनाहरु बाँड्ने क्षमतलाई करुणा भनिन्छ । यो क्षमता किशोरवयको अन्ततिर विकास हुन थाल्छ र प्रारम्भिक युवावयमा पूर्ण रुपले विकास हुन्छ । बाल्यकालमा, एउटा आधारभूत करुणाभावको विकास हुन्छ जब अन्य मानिसहरु दुखी भएको देखेर बालबालिकाहरु पनि उदास हुन्छन् ।
>
> (स्टेपिङ स्टोन्सः युवा विकासमा एक श्रोत, पाना २५)।

## मेरा बालबालिकालाई सताउने व्यवहारसँग जुझ्न कसरी सहयोग गर्ने?

विद्यालयसँग सहकार्य गरेर तपाईंको बालबालिका वा किशोरकिशोरीलाई सताउने व्यवहारसँग जुझ्न सहयोग गरेर, तपाईंले उदाहरण प्रस्तुत गर्नुहुनेछ र सताउनु गलत भएको स्पष्ट सन्देश दिनुहुनेछ ।

उमेरका बावजुद, तपाईंको बालबालिकालाई सताउने व्यवहारबारे कुराकानी गर्न प्रोत्साहन गर्दै र निम्नानुसारको सल्लाह दिएर सहयोग गर्न सक्नुहुनेछः

- शान्त रहनुहोस् र **परिस्थितलाई** छाडेर जानुहोस् ।
- **एक वयस्कलाई सुनाउनुहोस्** जसलाई तपाईं विश्वास गर्नुहुन्छ - एक शिक्षक, प्रधानाध्यापक, विद्यालयको बसका ड्राईभर वा खाजाकोठाका सुपरिवेक्षक - के भएको हो बताउनुहोस् वा अज्ञात श्रोतका रुपमा सूचित गर्नुहोस् ।
- **यस बारे** तपाईंका दाजुभाई वा दिदीबहिनीहरुसँग, साथीहरुसँग, कुराकानी गर्नुहोस् ताकि तपाईंलाई एक्लो महशुस हुने छैन ।
- **बालबालिका सहायतामा फोन गर्नुहोस्** 1-800-668-6868 वा हेर्नुहोस् **http://www.kidshelpphone.ca/teens/home/splash.aspx**

## के मेरा बालबालिकाले अरुलाई सताई रहेका हुन सक्छन् ?

अरुलाई सताउने बालबालिकाले कहिले घरमा वा विद्यालयमा पनि त्यस्तै व्यवहार गर्न सक्छन् । आफ्नै घरमा हेर्नुहोस् र सुन्नुहोस् । के त्यहाँ कुनै संकेतहरु छन् जहाँ तपाईंको बालबालिकाले उनीहरुका भाइबहिनीहरुलाई सताई रहेका छन् ?

सताउने बालबालिकाहरु कहिकाँही घरमा आक्रामक र अशांत हुन सक्छन् र घरमा नियमहरुप्रति कुनै सम्मान देखाउँदैनन् । यदि तपाईंको बालबालिकाले अरुलाई सताई रहेका छन् भनेर चिन्तित हुनुहुन्छ भने, उनीहरुले भाइबहिनीहरु, तपाईं, र तपाईंको घरमा आउने साथीसँग कसरी अन्तरक्रिया गर्छन् हेर्नुहोस् । यदि उनीहरु आक्रामक व्यवहार देखाउँछन्, मिल्न सक्दैनन वा करुणा दर्शाउन सक्दैनन् भने - उनीहरुले विद्यालयमा अन्य बालबालिकाहरलाई सताईरहेको संकेत हुन सक्छ ।

शारिरीक रुपमा अरुलाई सताउने बालबालिकाहरु कहिलेकाँही घाउ, चोटपटक, दागहरु, र च्यातिएका लुगाहरुमा घर फर्किन्छन् । उनीहरुसँग खर्च गर्नका लागि सधैभन्दा धेरै पैसा हुन सक्छ, वा उनीहरुसँग सामान्यतया खरिद गर्न नसक्ने सामानहरु हुन सक्छ । उनीहरुले अन्य विद्यार्थीहरुका बारेमा “खरो कुरा” गर्न सक्छन् ।

बालबालिका वा किशोरकशोरीको जीवनमा भएका महत्वपूर्ण परिवर्तनहरु, हारहरु वा दुखहरुका कारण समयसँगै उनीहरुमा सताउने व्यवहारको विकास हुन सक्छ । के तपाईंका कुनै बालबालिकाले भर्खरै यस प्रकारको कुनै अनुभव गरेका छन् ?

तपाईंको घरमा समस्या र द्वन्द्वहरु कसरी समाधान गरिन्छ भन्ने सोच्नुहोस् । के तपाईंहरु ती मुद्दाहरुलाई परिवारजस्तै सकारात्मक रुपमा कुरा गरेर सुल्झाउनु हुन्छ ? एउटा राम्रो उदाहरण बनेमा सताउने व्यवहारलाई निरुत्साहित गर्ने महत्वपूर्ण उपाय हुन सक्छ र शक्ति वा आक्रामक व्यवहार नगरी समस्याहरु वा अप्ठ्याराहरुलाई कसरी समाधान गर्न सकिन्छ भन्ने देखाउनुहोस् ।

सताउनु भनेको के भन्ने बारे तपाईंको बालबालिकालाई बताउनु महत्वपूर्ण छ । तपाईंले बालबालिकाहरुलाई सताउने विभिन्न तरिकाहरु र यो हानिकारक र दुखदायी हुन्छ भन्ने बुझाउनु पर्छ । तपाईंको बालबालिकालाई सताउनु भनेको गलत हो र कुनै पनि हालतमा स्विकार्य हुँदैन भन्ने थाहा दिनुहोस् ।

## विद्यालयहरुले सताउने र अन्य घटनाहरुलाई कसरी व्यवहार गर्नुपर्छ ?

व्यक्तिगत रुपमा भएका वा अनलाईन मार्फत, जुनसुकै तरिकाले भए पनि, सताउने विद्यार्थीहरुले फरक नतिजा भोग्नु पर्ने हुन्छ ।

सताउने व्यवहारलाई सम्बोधन गर्दा, प्रधानाध्यापकले प्रगतिशील अनुशानस पद्धती प्रयोग गर्न सक्छन् । ओन्टारियोको प्रगतिशील अनुशान नीतिले प्रधानाध्यापकलाई विभिन्न विकल्पहरुको श्रृंखलाबाट व्यवहारलाई सम्बोधन गर्न रोज्न सक्छन् र विद्यार्थीलाई उनीहरुको रोजाईकै आधारमा सिक्न सहयोग गर्न सक्छन् । केही उदाहरणहरुः

- दुखदायी वा अपमानजनक प्रतिक्रियका लागि माफी माग्ने
- विद्यार्थीबाट गरिने अपेक्षामाथि पुनर्मुल्याङ्कन
- आमाबाबुसँग छलफल गर्न बैठक
- आवेग वा रीस व्यवस्थापन गर्ने परामर्श
- विद्यालयबाट निलम्बन

अझ गम्भिर मुद्दाहरुमा, यदि सो विद्यार्थी यस अघि पनि सताउने व्यवहारका लागि निलम्बनमा परेको छ र अन्य व्यक्तिहरुको सुरक्षामाथि अस्विकार्य जोखिम उत्पन्न गर्न छाड्दैन भने प्रधानाध्यापकले विद्यालयबाट निष्काशन गर्नका लागि सिफारिश गर्न सक्छन् । यी नियमहरु प्रारम्भिक र माध्यमिक विद्यालय दुवैमा लागु हुन्छन् ।

प्रगतिशील अनुशासनहरुले अनुचित व्यवहारहरुलाई अझ खराब हुनबाट र सम्पूर्ण विद्यार्थीहरुमाथि र विद्यालयक र सुरक्षाबारे उनीहरुको धारणामा नकारात्मक प्रभावं पर्नबाट रोकथाम गर्छन् । यसले विद्यार्थीहरुमा सकारात्मक व्यवहारको प्रवर्द्धन गर्छ र आफ्नो व्यवहारका लागि जिम्मेवारी लिन र अरुसँग अन्तरक्रिया गर्ने अन्य सकारात्मक तरिकाहरु सिक्न सहयोग गर्छ ।

सताउने व्यवहारमा संलग्न सबै विद्यार्थीहरुका लागि विद्यालयले सहयोग उपलब्ध गराउनेछः पीडित विद्यार्थीहरु, सताउन सहभागी विद्यार्थिहरु, र त्यसता व्यवहारहरुको साक्षी भएका विद्यार्थीहरुका लागि ।



सम्पर्ण विद्यालय र बोर्डहरुमा अनिवार्यः

- सताउने व्यवहार रोकथाम गर्ने र सम्बोधन गर्ने नीतिहरु
- सताउने व्यवहार रोकथा र हस्तक्षेप गर्ने योजनाहरु
- प्रगतिशील अनुशानस र समतामूलक र समावेशी शिक्षाका नीतिहरु

सम्पूर्ण बोर्ड कर्मचारीहरुलाई, सताउने व्यवहारजस्ता, गम्भिर प्रकृतीका घटनाहरु प्रधानाध्यापकलाई सूचित गर्नु अनिवार्य छ । प्रधानाध्यापकहरुले सताईएका घटनाहरु सूचित गरिएका सम्पूर्ण घटनाहरुको अनुसन्धान गर्नुपर्छ ।

विद्यार्थीहरुसँग प्रत्यक्ष काम गर्ने बोर्डका कर्मचारीहरु, जस्तै शिक्षक, सामाजिक कार्यकर्ता र मार्गनिर्देशक परामर्शदाताहरुले, सताउने लगायत, अनिवार्य रुपमा विद्यालयको वातावरणमा नकारात्मक असर भएका अनुचित वा अपमानजनक व्यवहारहरुप्रति प्रतिक्रिया दिनैपर्छ ।

सताईएका, घटनाका साक्षी र सताउने विद्यार्थीहरुका लागि विद्यालय बोर्डहरुले कार्यक्रम, पहलकदमी वा अन्य सहयोगहरु उपलब्ध गराउनु पर्नेछ ।

विद्यालयमा भएका घटनाहरुलाई लिएर कर्मचारीहरुले कसरी प्रतिक्रिया दिने भन्ने बारे अझ बढी थाहा पाउन, मन्त्रालयको वेबसाईमा “सूचना र प्रतिक्रिया” नामक खण्ड हेर्नुहोस् www.edu.gov.on.ca/eng/safeschools/reportingResponding.html वा विद्यालयबाट उलब्ध हुने सेवाहरुका बारेमा तपाईंको विद्यालयका प्रधानाध्यापकसँग कुरकानी गर्नुहोस् ।

प्रधानाध्यापकले सताईएका विद्यार्थीहरु, र सताउने विद्यार्थीका आमाबाबुलाई सम्पर्क गरि घटनाबारे बताउनु पर्ने कुराहरुः

- के भएको हो
- विद्यार्थीलाई के हानी भएको हो
- विद्यार्थीको सुरक्षालाई लिएर के-कस्ता कदमहरु लिईएका छन्, घटनालाई लिएर कुनै अनुशासनको कदम चालिएको छ कि
- घटनालाई लिएर विद्यार्थीका लागि के-कस्ता सहयोग उपलब्ध हुनेछन् ।

थप केहीः

- बालबालिकाहरुका लागि उपलब्ध गराईएको सहयोगका बारेमा छलफल गर्न प्रधानाध्यापकले आमाबाबुलाई बोलाउनु पर्छ

## यदि मेरा बालबालिकालाई सताई रहेका छन् भने, मैले विद्यालयबाट के अपेक्षा गर्न सक्छु ?

सताउने व्यवहारहरुका बारेमा तपाईंलाई, विद्यार्थी र अन्य व्यक्तिका लागि अज्ञात रुपमा सूचित गर्न विद्यालयसँग एउटा प्रक्रिया हुनु अनिवार्य छ ।

यदि तपाईं तपाईंका बालबालिकाहरुप्रति चिन्तित हुनुहुन्छ, वा अझै धेरै जानकारी आवश्यक भए, तपाईंले हेर्न सक्नुहुनेछः

- विद्यालय बोर्डको सताउने व्यवहार विरुद्ध गरिएको रोकथाम र हस्तक्षेपकारी नीति ।
- विद्यालयको आचार संहिता, जसले विद्यार्थी, शिक्षक, र विद्यालय समुदायका अन्य सदस्यहरुले एक आपसमा कस्तो व्यवहार गर्नुपर्छ भन्ने तय गर्छ ।
- विद्यालय र बोर्डको सताउने व्यवहार रोकथाम र हस्तक्षेप योजना । यसले विद्यालयका कर्मचारीहरुले समस्या समाधान गर्न के गर्न सक्छन् भन्ने उल्लेख गरेको छ ।
- विद्यालय वातावरण सर्वेक्षणबाट विद्यालयको नतिजा । यस स्वतन्त्र सर्वेक्षणले विद्यालयहरुलाई सुरक्षासम्बन्धी भावनाहरु थाहा पाउन सहयोग गर्दछ र सताउने व्यवहारको रोकथाम गरि सुरक्षा र स्विकारयोग्य विद्यालयको प्रवर्द्धन गर्न निर्णय गर्न सहयोग गर्दछ । यी सर्वेक्षणहरु वर्षमा कम्तिमा दुई पटक गरिनु पर्दछ ।

यदि तपाईंको बालबालिका सताउने व्यवहारबाट पीडित भएको कर्मचारीले थाहा पाएमा, विद्यालयले तपाईंलाई सम्पर्क गर्ने अपेक्षा गर्नु पर्छ । समस्या समाधान गर्न तपाईंको बालबालिकाका शिक्षक वा तपाईंका बालबालिकाले विश्वास गर्ने अर्को शिक्षकले केही रणनीतिको पहिचन गर्न सक्नेछन् ।

विद्यार्थीको गोपनियता सुरक्षित राख्दै, तपाईंको सरोकारको विषयलाई विद्यालयले पूर्ण रुपमा अनुसन्धान गर्नुपर्नेछ ।

सताउने व्यवहारुले पीडित, संलग्न र सो घटनाका साक्षीहरुका लागि विद्यालयले सहयोग गर्नेछ ।

यदि तपाईंलाई बालबालिकाहरले पाईरहेका सहयोग बारे केही गुनासो वा प्रतिक्रिया भए, विद्यालयहरुमा तपाईंले पालना गर्नुपर्ने प्रक्रिया हुनेछ । विद्यालयको प्रतिक्रियाप्रति तपाईंलाई चित्त नबुझेमा, तपाईंको विद्यालयको सुपरिवेक्षण बोर्डका सुपरिवेक्षण अधिकारीसँग सम्पर्क गर्न सक्नुहुनेछ ।

यसका साथै, तपाईंले सुरक्षित र स्विकारयोग्य विद्यालय समूह सहभागी हुने विकल्पबारे पनि सोच्न सक्नुहुनेछ । सुरक्षित, समावेशी र स्विकारयोग्य विद्यालय वातावरण प्रवर्द्धन गर्नका लागि यो समूह जिम्मेवार हुनेछ । समूहमा प्रधानाध्यापक, कम्तिमा एक जना अभिभावक, विद्यालय कर्मचारी, एउटा विद्यार्थी र एक सामुदायिक साझेदार हुनेछन् ।



## ठीकै छ, कम्तिमा मेरा बालबालिका त सताउने व्यवहारमा संलग्न छैनन्...

सताउने व्यवहार देखा परेमा सबैजना प्रभावित हुन्छन्, र सबैजना मिलेर यसलाई रोकथाम गर्न सकिन्छ । ८५ प्रतिशत घटनाहरुमा, सताउने क्रियाकलाप साक्षीहरुकै सामुन्ने हुने गर्छन् । साक्षीहरु उनीहरुले देखेका घटनाहरुबाट प्रभावित हुन्छन् । साक्षीहरु डराए पनि र उनीहरु पनि यसको शिकार हुने भयले वा पीडितलाई अझ समस्या हुनबाट जोगाउन उनीहरु संलग्न हुन चाँहदैनन्, उनीहरुले गोप्य ढंगले यसबारे सूचित गर्न सक्छन् ।

सताउने व्यवहार स्विकार्य नभएको कुरा तपाईंले बालबालिकालाई बुझ्न सघाउन सक्नुहुन्छ र वयस्क वा यसबारे गोप्य ढंगले सूचित गरेर उनीहरुले यसता घटनाहरुलाई रोक्न सक्छन् भन्नै पनि बुझाउन सक्नुहुनेछ ।

## स्वस्थ सम्बन्धहरुको विकास गरेर पनि सताउने व्यवहारलाई रोक्न सकिन्छ ।

सताउने व्यवहारको रोकथाम र हस्तक्षेपकारी भूमिका यसलाई हटाउनुभन्दा धैरै ठूलो कुरा हो ।

यसो गर्नु भनेको स्वस्थ सम्बन्धहरुको विकास पनि हो । स्वस्थ सम्बन्धहरुमा मानिसहरुबीच, आमुन्नेसामुन्ने वा अनलाईन मार्फत् सम्मानजनक अन्तरक्रिया समावेश हुन्छ । सम्पूर्ण विद्यार्थीहरुको उनीहरुको जीवनमा भएका सबैजनासँग स्वस्थ, सुरक्षित, सम्मानजनक र ख्याल राख्ने सम्बन्धहरु भएको सुनिश्चित गर्नु नै यसको उद्देश्य हो ।

शिक्षक, अभिभावक, र अन्य वयस्कहरुले स्वस्थ सम्बन्धहरुले काम गर्छन् भन्ने उदाहरणीय चरित्र निर्वाह र सहयोग गरेर बुझाउन सक्छन् । बालबालिकाहरुको एक आपसमा स्वस्थ सम्बन्धहरु वयस्कहरुसँगको सकारात्मक सम्बन्धहरुमा निर्भर हुन्छ ।

स्वस्थ सम्बन्धहरु भएका विद्यार्थीहरुमा अरुलाई सताउने कम सम्भावना हुन्छ, उनीहरुमा पीडित विद्यार्थीहरुलाई सहयोग गर्ने बानी हुन्छ, र उनीहरुले आफ्नो शैक्षिक उद्देश्यहरु उत्कृष्ट नतिजाकासाथ पूरा गर्न सक्छन् । स्वस्थ सम्बन्धहरुको प्रवर्द्धन नै सताउने व्यवहार रोकथाम गर्ने र सुरक्षित र स्विकारयोग्य विद्यालय वातावरण निर्माण गर्ने मुख्य उपाय हो ।

## ओन्टारियोका विद्यालयहरु सरक्षित र स्विकारयोग्य बनाउन हामील कसरी सहयोग गरिरहका छौं

यदि विद्यार्थीहरुले विद्यालयमा सफलता पाउने हो भने एउटा सकारात्मक विद्यालय र सुरक्षित सिकाई र शिक्षण वातावरण निकै महत्वपूर्ण छ ।

अझै जान्नका लागिः

- **सुरक्षित विद्यालय रणनीति ।** यस वृहत रणनीतिमा प्रत्येक विद्यालयमा सुरक्षित र स्विकारयोग्य विद्यालय समूह, विद्यालय श्रोतहरु, शिक्षक र प्रधानाध्यापकहरुका लागि तालिम, र बालबालिका सहायता फोनसँगको साझेदारी समावेश गरिएको छ **। www.ontario.ca/acceptingschools**
- **अभिभावकहरुका लागि विद्यालय वातावरण सर्वेक्षण।** यो सर्वेक्षण २२ भाषामा उपलब्ध छन् । **www.edu.gov.on.ca/eng/safeschools/climate.html**
- **अनुशासनबारे ओन्टारियोको पद्धती।** "प्रगतिशील अनुशासन" मा सम्पूर्ण विद्यालय संलग्न हुन्छ र सकारात्मक विद्यालय वातावरण प्रवर्द्धन गरिन्छ । यसले प्रधानाध्यापकलाई विद्यार्थीको अनुचित व्यवहारका लागि उचित कारवाहीहरु रोज्न सहयोग गर्छ । यसले विद्यार्थीहरुलाई सकारात्मक व्यवहार प्रवर्द्धन गर्न विभिन्न सहयोग उपलब्ध गराउँदछ । यस नीतिबारे विस्तृत विवरणका लागि **www.edu.gov.on.ca/extra/eng/ppm/145.pdf**
- **आचार संहिता।** ओन्टारियोको आचार संहिताबारे यस निर्देशिकाले सम्पूर्ण विद्यालय समुदाय, विद्यार्थी, अभिभावक, विद्यालय कर्मचारी र सामुदायिक साझेदारहरु लगायतका भूमिका र जिम्मेवारीको खाँका तयार गर्दछ । **www.edu.gov.on.ca/eng/safeschools/code.html**
- **सताउने व्यवहार रोकथाम र हस्तक्षेपकारी भूमिकाबारे ओन्टारियोको नीति।** विद्यालय बोर्डका लागि सताउने व्यवहार रोकथाम र हस्तक्षेपकारी भूमिका नीति विकास र कार्यान्वयन गर्न यसले अपेक्षाहरुको खाँका कोर्दछ **। www.edu.gov.on.ca/extra/eng/ppm/144.pdf**
- **समतामूलक र समावेशी शिक्षा नीति।** यसले ओन्टारियोका विद्यालयहरुमा मन्त्रालय, विद्यालय बोर्ड र विद्यालयहरुले कसरी समतामूलक र समावेशी शिक्षालाई सहयोग गर्दैछन्, भन्ने खाँका कोर्दछ । **www.edu.gov.on.ca/eng/policyfunding/equity.html**
- **स्विकारयोग्य विद्यालयहरुका लागि प्रधानमन्त्रीको पुरस्कार ।** सुरक्षित र स्विकारयोग्य विद्यालय वातावरण निर्माण गर्नका लागि असाधारण र नवीन काम गर्ने १० वटा सुरक्षित र स्विकारयोग्य विद्यालयहरुका समूहलाई यो पुरस्कार प्रदान गरिन्छ **। www.edu.gov.on.ca/eng/safeschools/award.html**
- **बाल सहायता फोन।** यो गोपनिय परामर्श सेवा हप्ताको सातै दिन २४ घण्टा उपलब्ध छ । **www.kidshelpphone.ca हेर्नुहोस्** वा 1-800-668-6868 मा फोन गर्नुहोस्.

**थप जानकारीः**

- **सताउने व्यवहार सम्बन्धी अभिभावकहरुका लागि श्रोत, प्रेभनेट (प्रोमोटिङ रिलेसनसीप एण्ड एलिमिनेटिङ भायोलेन्स नेटवर्क) ले विकास गरेको**
  **www.prevnet.ca/BullyingResources/ResourcesForParents/tabid/390/Default.aspx**

- **अभिभावक टुल किट किशोरकिशोरी संस्करण किशोरकिशोरीहरुको सफलताका लागि अभिभावकहरुले के गर्न सक्छन्।** यो टुल किटमा अभिभावकहरुका लागि विद्यालयमा भएका किशोरकिशोरीहरुलाई सहयोग र उत्साहि बनाउने टिप्सहरुको संकलन, सुझाव र श्रोतहरु समावेश गरिएका छन् ।
  **www.ontariodirectors.ca/Parent_Engagement/Parent_Engagement.html**

- **Safe@School।** यस वेबसाईटले सताउने व्यवहारको रोकथाम र समतामूलक र समावेशी शिक्षाका लागि श्रोतहरु, लगायत शिक्षक र विद्यालय कर्मचारी सदस्यहरुका लागि तालिमसम्बन्धी श्रोतहरु उपलब्ध गराउँछ। **www.safeatschool.ca**

- **स्टेपिङ स्टोन्सः युवा विकासका लागि एउटा श्रोत।** बालबालिका र युवा सेवा मन्त्रालयले विकास गरेको, यस श्रोतले १२ देखि २५ वर्षसम्मका युवावयका विकासका चरणहरुको संक्षिप्त विवरण प्रदान गर्दछ, र उनीहरुको आवश्यकताको पहिचान र प्रतिक्रिया दिने तरिकाहरु पनि बुझाउँदछ । उपलब्ध छ ।
  **www.ontario.ca/steppingstones**

---

सुरक्षित र स्विकारयोग्य विद्यालयहरुका बारेमा अझ धेरै जान्नका लागि
**www.ontario.ca/acceptingschools**

यो विवरण पुस्तिका र अभिभावकहरुलाई उपयोगी जानकारी विभिन्न भाषामा पाउनका लागि
**www.ontario.ca/EDUparents**

सर्भिसओन्टारियो मार्फत अंग्रेजी र फ्रेन्च भाषामा यस विवरण पुस्तिकाको प्रकाशित प्रतिलिपी अर्डर गर्नका लागि
**www.ontario.ca/publications**

ISBN 978-1-4606-1319-1 (PDF) (Nepali) © क्विन्स् प्रिन्टर फर ओन्टारिओ, 2013

Ontario